**मुक्तिनाथ दर्शन सेवा**

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे



**पोखरा साइडसिन सेवा**

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे

रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा

रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**

नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क: ०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क २०० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ साउन १६ गते शुक्रबार ❑ 1 Aug. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## बोली, आचरण र व्यवहार पार्टीलाई कसरी सदृढ बनाउने भन्ने हुनुपर्छ : नेता डा देउवा

पोखरापत्र संवाददाता
पोखरा, १५ साउन

नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवम् परराष्ट्र मन्त्री डा आरजु राणा देउवाले व्यक्तिगत कुरालाई लिएर पार्टी सङ्गठनभित्र असमझदारी बढाउन हुँदैन भन्नुभएको छ।

नेपाली कांग्रेस कास्कीद्वारा बिहीबार पोखरामा आयोजित कार्यकर्ता भेटघाट कार्यक्रममा उहाँले पार्टी सङ्गठनभित्र एकआपसमा स्वच्छ प्रतिष्पर्धा हुनेभएपनि यही प्रतिष्पर्धाका कारण पार्टीलाई विभाजित गराउन नहुने बताउनुभयो।

उहाँले भन्नुभयो, "पार्टी व्यक्तिगत महत्वकांक्षा पूरा गर्ने ठाउँ होइन, यो राष्ट्र र समाजका लागि योगदान गर्ने थलो हो। "

कांग्रेसका सस्थापक नेता विपी कोइराला, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई लगायत




नेताहरूको अतुलनीय योगदानका कारण पार्टी यस स्थानमा आइपुगेको जनाउँदै केन्द्रीय सदस्य देउवाले उहाँहरूका मार्ग निर्देशलाई आत्मसात गर्दै अघि बढ्नू जरुरी छ भन्नुभयो। "उहाँहरूले धेरै ठूलो योगदान गर्नुभएको छ उहाहरूले देखाउनुभएको मार्गदर्शनमा कांग्रेस पार्टी हिड्नु एकदमै जरुरी छ", उहाँले भन्नुभयो, "हामी हरेकको बोली, आचरण, व्यवहारमा पार्टीलाई कसरी बलियो बनाउने भन्ने भयो भने पार्टी बलियो बन्छ।" आसन्न पार्टीको १५औं महाधिवेशनमा आन्तरिक प्रतिष्पर्धा हुने भए पनि कसैलाई काखा र कसैलाई पाखा नलगाई एकढिक्का भएर पार्टी झन बलियो र सुदृढ हुने विश्वास व्यक्त गर्नुभयो।

नयाँ दलले समाजिक सञ्जालको अधिकतम प्रयोग गरिरहेको प्रशंग उल्लेख गर्दै डा देउवाले कांग्रेसले सकारात्मक ऊर्जा प्रवाह गर्ने गरी सामाजिक सञ्जालको प्रभावकारी उपयोग गर्नु जरुरी भएको धारणा राख्नुभयो। पछिल्ला समयमा 'देशमा केही भएको छैन' भन्ने नकारात्मक भाष्यलाई बढी प्रचार गर्न खोजिएको जनाउँदै उहाँले युवा पलायनलाई रोक्दै सकारात्मक सन्देश प्रवाहका साथ देशमा नै रहने र केही गर्ने किसिमले अघि बढ्नु हामी सबैको दायित्व भएको बताउनुभयो। नेपाली कांग्रेस गण्डकी प्रदेशका सभापति शुक्रराज शर्माले पार्टीले स्थापनाकालिन राष्ट्रियता, प्रजातन्त्र र समाजवादको मूल्य मान्यतालाई भुल्न नहुने बताउनुभयो।

गुट गुटमा विभाजित नभै पार्टीलाई एकतावद्ध बनाएर लैजानु अपरिहार्य भएको उहाँको भनाइ छ। नेपाली कांग्रेस कास्कीका सभापति किशोरदत्त बरालले कांग्रेस राष्ट्रका जस्तासुकै चुनौतिलाई समाधान गर्दै अघि बढ्न सक्ने पार्टी भएको बताउनुभयो।

## पोखरामा पहिलो पटक आरयु फेष्ट

पोखरापत्र संवाददाता
पोखरा, १५ साउन



पोखरामा पहिलो पटक आरयु फेष्ट हुने भएको छ। पोखरा महानगरपालिकासँगको सहकार्यमा कोरिया अन्तर्राष्ट्रिय सहयोग नियोग (कोइका) को आर्थिक सहयोग तथा संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (युएनडिपी) को प्राविधिक सहयोगमा पोखरामा सञ्चालित रिसाइक्लिङ र अपसाइक्लिङ मार्फत हरित रोजगारी सिर्जना परियोजना अन्तरगत आरयु फेष्ट गर्न लागिएको हो।

यही श्रावण १६ र १७ गते बुलौदी स्थित पोखरा इभेन्ट सेन्टरमा फोहोरलाई खजना (मोहोर) बनाउने मूलमन्त्र सहित यो फेस्टिभल आयोजना गरिएको पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले बताउनुभयो। बिहीबार आयोजित पत्रकार भेटघाट कार्यक्रममा नगर प्रमुख आचार्यले पोखरा लगायत सिङ्गो मुलुकको हरित विकासका लागि एक नवीनतम प्रयासका रूपमा फेस्टिभल स्थापित हुने अपेक्षा समेत व्यक्त गर्नुभयो। फेस्टिभलले सृजनशीलता, नवप्रवर्तन र दिगोपनाका लागि हातेमालो गर्दै वातावरणमैत्री र सुरक्षित भविष्य निर्माण गर्ने लक्ष्य राखेको उहाँले बताउनुभयो। "दैनिक जीवनमा प्रयोगहीन सामाग्रीहरू रिसाइक्लिङ र अपसाइक्लिङ गरी हरित रोजगारी सिर्जना सहित चक्रीय अर्थतन्त्रको निर्माणमा फेस्टिभलले नयाँ ज्ञान, सीप र मार्गदर्शन प्रदान गर्नेछ, नगर प्रमुख आचार्यले भन्नुभयो, यसले उद्यमशीलता र रोजगारी सिर्जनामा महत्वपूर्ण योगदान गर्नेछ।" फेस्टिभलमा रिसाइक्लिङ र अपसाइक्लिङ सम्बन्धी नेपालको मौलिक सीप र दक्षिण कोरियाको चक्रीय अर्थतन्त्रमा यसले पारेको सकारात्मक प्रभाव र प्रेरणादायी अनुभवहरू आदान प्रदान गरिने उहाँले बताउनुभयो।

प फे ि स्ट भ ल म ा देशभरिका नवप्रर्तनयुक्त रिसाइक्लिङ र अपसाइक्लिङ उत्पादनहरूको प्रदर्शनी, फोहोरलाई उपयोगी वस्तुमा रूपान्तरण गर्ने प्रक्रियाको प्रत्यक्ष प्राविधिक डेमो सो, जलवायु, दिगो पर्यटन विकास, हरित उद्यमशीलता र प्लास्टिक टु रोड प्रविधि माथि संवाद, युवाहरूका लागि सिर्जनात्मक कार्यशाला, सार्वजनिक कला प्रदर्शनी, सहभागितामूलक गतिविधिहरू प्रस्तुत, दक्षिण कोरियाको सफलता अनुभवमाथि विशेष संवाद सत्र, हरित रोजगारी, बजार पहुँच र दिगो जीविकोपार्जनका उपायहरू लगायत विषयहरू माथि चर्चा परिचर्चा हुनेछ। हाल रिसाइक्लिङ र अपसाइक्लिङ मार्फत हरित रोजगारी सिर्जना परियोजना अन्तरगत कोइकाको ९.८ मिलियन अमेरिकी डलर र युएनडिपीले ०.८७ मिलियन अमेरिकी डलर आर्थिक सहयोगमा पोखरामा जिभिजेड सेन्टर निर्माण भइसेको छ। नयाँ बजार स्थित प्रदर्शनी केन्द्रमा कोसेली घर निर्माणको काम भइरहेको छ। पोखरा महानगरपालिका क्षेत्रमा १३६ वटा सामुदायिक समूहहरू निर्माण गरी उनीहरूलाई आवश्यक तालिम तथा प्राविधिक प्रशिक्षण पनि प्रदान गरिएको छ। "यस परियोजनाले युवाहरूलाई रोजगारीसँग जोड्ने छ भने, हरित अर्थतन्त्रको विकासमा महत्त् वपूर्ण योगदान गर्नेछ।" नगर प्रमुख आचार्यले भन्नुभयो। फोहोरमैलाको उचित व्यवस्थापन


बाँकी अन्तिम पृष्ठमा ▶▶


## पोखरामा विवादित कोटीहोम प्रकरणमा ७ जना विरुद्ध गैरकानूनी रूख कटान मुद्दा अदालतमा

पोखरापत्र संवाददाता
पोखरा, १५ साउन

पोखरामा आयोजित 'श्रीगण्डकी शत कुण्डीय गायत्री कोटीहोम विराट ज्ञान महायज्ञ २०८२' का क्रममा समिदा संकलन गर्ने नाममा चौतारीका वर, पिपल र समि जस्ता ऐतिहासिक वृक्षहरू काटिएको घटनाले कानुनी रुप लिएको छ। कास्की जिल्ला अदालतमा बिहीबार सात जनाविरुद्ध गैरकानूनी रूख कटानको अभियोगपत्र दायर भएको हो।

विवादित धर्मगुरु बालयोगेश्वर विजय कृष्णमूर्ति भनिने विजय भण्डारीको अगुवाइमा मानव सेवा फाउण्डेशन नेपालले गत वैशाख १७ देखि ६१ दिनसम्म महायज्ञ आयोजना गरेको थियो। तर महायज्ञका लागि आवश्यक समिदा संकलनका नाममा पोखरा



महानगरपालिका क्षेत्रमा रहेका चौतारी र सडकछेउका पुराना वृक्षहरू अनुमति बिना काटिएको भन्दै विभिन्न संघसंस्थाले उजुरी दिएका थिए। डिभिजन वन कार्यालय कास्कीले गरेको अनुसन्धानमा शुभमार्ग टोल, राधाकृष्ण टोल र साधना मार्गका नौ वृक्षका ७४ वटा हाँगा गैरकानूनी रूपमा काटिएको प्रमाणित भएको छ। शुभमार्गमा मात्रै ५५ हाँगा काटिएको र करिब १६ हजार बराबरको चार चट्टा दाउरा फाउण्डेशनले प्रयोग गरेको भेटिएको छ। राधाकृष्ण टोल र साधना मार्गका वृक्षका हाँगा समेत बिक्री भएको तर खरिदकर्ता पहिचान नभएको कार्यालयले जनाएको छ।

१२ साउनमा अनुसन्धान प्रतिवेदन जिल्ला सरकारी वकिलको कार्यालयमा बुझाएपछि बिहीबार अदालतमा अभियोगपत्र दायर गरिएको हो। अभियोगपत्र दायर हुनेमा मानव सेवा फाउण्डेशनका प्रबन्धक विष्णु राज गिरी, शुभमार्ग टोलका तारा प्रसाद तिवारी र योगमाया बराल, राधाकृष्ण टोलका अर्जुन बहादुर कार्की र रामकृष्ण अधिकारी तथा साधना मार्गका ज्ञानेन्द्र सार्की र रमेश पौडेल रहेका छन्। वन ऐन २०७६ को दफा ४९(ध) र दफा ५०(१४) अनुसार उनीहरूलाई अधिकतम ६ महिना कैद, १० हजार रुपैयाँ जरिवाना वा दुवै सजाय माग गरिएको छ। साथै, करिब ४६ हजार रुपैयाँ विगो असुल गर्न माग गरिएको छ। महायज्ञका लागि पोखरामा मात्र नभई अन्य स्थानबाट समेत करिब ५० ट्रक काठ ल्याइएको र त्यसमा ठूलो भाग पोखरा महानगरपालिकाले तत्कालै जफत गरेको थियो। समिदाका नाममा ऐतिहासिक र सार्वजनिक महत्वका वृक्षहरू काटिँदा महानगरका नगर प्रहरी, जनप्रतिनिधि र आयोजकबीच शारीरिक झडपसम्म भएको थियो।


बाँकी अन्तिम पृष्ठमा ▶▶


## लाहाचोकमा प्रथम कोदो रोपाई महोत्सव हुने

पोखरापत्र संवाददाता
पोखरा, १५ साउन

नेपाल उद्योग तथा व्यवसायी महासंघ गण्डकी प्रदेश, कास्की जिल्ला, माछापुच्छ्रे गाउँपालिकाको आयटोजनामा भोलि माछापुच्छ्रे गाउँपालिकाको वडा नं ४ लाहाचोकमा प्रथम कोदो रोपाई महोत्सव हुने भएको छ।

नेपाल सरकारले "कोदोजन्य परिकारको आहारः खाद्य सुरक्षा र स्वास्थ्य जीवनको आधार" भन्ने नाराका साथ यसै वर्षदेखि साउनको १६ गते राष्ट्रिय कोदो दिवस मनाउन गइरहेका सन्दर्भमा लाहाचोकमा पहिलो कोदो महोत्सव गर्न लागिएको नेपाल




उद्योग तथा व्यवसायी महासंघ गण्डकी प्रदेशका अध्यक्ष बोबरजंग गुरुङले जानकारी दिनुभयो। म हो त्स व का अवसरमा ख्यातीप्राप्त जनगायक जीवन शर्माका साथै स्थानीय कलाकारको मनोरञ्जनात्मक सांस्कृतिक कार्यक्रमसँगै पञ्चेवाजाका साथमा आमा समूहहरूबीच कोदो रोपाई प्रतियोगिता समेत गरिने भएको उहाँले बताउनुभयो। "हामीहरू स्वदेशी उत्पादनमा आत्मनिर्भर बन्नु आवश्यक छ", उहाँले भन्नुभयो, "कोदोजन्य बालीको प्रवर्द्धन गर्दै यसतर्फ कृषकलाई आकर्षित गरी उत्पादन बढाउने लक्ष्यका साथ महोत्सव आयोजना गरिएको हो।" कोदो वर्षौंसम्म नबिग्रने विशेषगरी पहाडी क्षेत्रमा उत्पादन हुने अन्न हो। मानिसको शरीरमा आवश्यक पर्ने प्रोटिनको मात्रा अत्यधिक हुने यसको उत्पादन भने कृषिप्रतिको बढ्दो अनिच्छा र बसाइँसराइसँगै बर्सेनी घट्दै गएको छ। विशेष गरी पहाडी क्षेत्रमा साउनको पहिलो सातातिर मकै भाँचेपछि सर्वसाधारणले कोदो रोप्ने गर्दछन्। विगतमा कोदो रोपाइँका कारण चापाचाप हुने गाउँबस्तीका अधिकांश बारी यतिखेर बाँझै छन्। कोदोको उत्पादन घट्दै गए पनि यसको माग भने अत्यधिक बढ्दै गएको पाइन्छ। कोदोबाट रोटी, ढिँडो, पुवा जस्ता परिकार बनाउने गरिन्छ भने यसबाट घरेलु मदिरा पनि बनाउने गरिन्छ। महोत्सव मार्फत बहुउपयोगी कोदो खेतीप्रतिको आकर्षण बढाउन खोजिएको गुरुङले बताउनुभयो।


**सुपथ मूल्यमा आकर्षक छपाइ**



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

**हिमालय अफसेट प्रेस**

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१

# पोखराको सार्वजनिक यातायातमा विद्युतीय बस सेवा शुरु

पोखरापत्र संवाददाता
पोखरा, १५ साउन

पोखराको सार्वजनिक यातायातमा पनि विद्युतीय बस सेवा सञ्चालनमा आएको छ।

पछिल्लो समयमा विद्युतीय गाडीमा उपभोक्ताको आकर्षण बढेसँगै पोखरामा पनि यसको आकर्षण देखिन थालेको हो।

पोखरा यातायात सेवा प्रा. लिको व्यवस्थापन र व्यवसायी अशोक गुरुङको शेयर लगानीमा विहीवार देखि सार्वजनिक यातायातमा सेवा शुरु गरिएको बताइएको छ।

पोखराको लामाचौरमा एक कार्यक्रमका बीच विद्युतीय बस सेवा शुभारम्भ गरिएको हो। पोखरा १६ का वडाध्यक्ष अमृत शर्मा तिमिल्सिना र १९ का वडाध्यक्ष पुष्पेन्द्र पाण्डेले सयुक्त रुपमा बस सेवाको शुभारम्भ गरेका




हुन। कार्यक्रममा बोल्दै वडाध्यक्ष तिमिल्सिनाले पर्यटकीय शहर पोखराको वातावरणलाई पर्यटन मैत्री बनाउन पनि यातायात व्यवसायीको भुमिका महत्वपुर्ण हुने बताउँदै, विद्युतीय बस सेवाले वातावरण मैत्री हुने बताए। अर्का वडाध्यक्ष पाण्डेले यातायात व्यवसायीको कार्यप्रति प्रशंसा गर्दै, थप विद्युतीय गाडी विस्तार गरी प्रदुषण गर्ने गाडी विस्थापित गर्न सुझाव दिए।

कार्यक्रममा नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ गण्डकीका सचिव योगेन्द्र केसी, नव आदर्श सामुदायिक विकास समाजका अध्यक्ष दिनेश भण्डारी, सिप्रदी मोटर्सका प्रमुख मोहदत्त भट्टराईले वातावरण संरक्षणका लागि विद्युतीय बस उपर्युक्त हुने बताउँदै यसमा स्थानीय सरकारले पनि प्रोत्साहन गर्नुपर्नेमा जोड दिए।

१ करोड २५ लाख मुल्यमा टाटा कम्पनीको ३२ सिट क्षमताको टाटा अल्ट्रा इभि गाडी खरिद गरिएको शेयर लगानीकर्ता अशोक गुरुङले बताए। २ सय१३ किलोवाटको ब्याट्री भएको उक्त बसले २ सय ५० किलोमिटरसम्म गुड्ने क्षमता राख्ने सिप्रदी ट्रेडिङ पोखराका प्रमुख मोहदत्त भट्टराईले बताए।

पोखरा यातायात सेवा प्रा. लिका अध्यक्ष देउप्रसाद गुरुङले पोखरामा धुवाँ फाल्ने गाडीहरुलाई क्रमशः विस्थापित गर्दै विद्युतीय गाडी सञ्चालन गर्ने तयारी गरेको जानकारी दिए। अध्यक्ष गुरुङको अध्यक्षतामा भएको कार्यक्रम संस्थाका कम्पनी सचिव देवि प्रसाद कुँइकेलले सञ्चालन गरेका थिए।

# कालिका भगवतीलाई चढाइयो खीर

पोखरापत्र संवाददाता
पोखरा, १५ साउन

साउन १५ अर्थात खीर खाने दिन। यो परम्परा बागलुङको प्रसिद्ध शक्तिपीठ कालिका भगवती मन्दिरसँग पनि जोडिएको छ। यस मन्दिरमा वर्षको एकपटक साउन महिनामा खिर चढाउने चलन छ। मन्दिर गुठी व्यवस्थापन समितिका कोषाध्यक्ष रामबहादुर खड्काले खीर चढाउने तिथि भने तलमाथि पर्ने गरेको बताउनुभयो। संयोगले यसपालि साउन १५ मै परेको उहाँको भनाइ छ।

"बिहान ५ बजेर २१ मिनेटको साइतमा देवीलाई खीर चढाइएको हो" कोषध्यक्ष खड्काले भन्नुभयो, "मूल पुजारीले पूजआजा गर्ने र सहायक पुजारीले खिर पकाउने चलन छ, देवीलाई चढाउने खीर अलग्गै पाक्छ।" आज बिहान ५ बजेदेखि ७ बजेसम्मको साइत खिर चढाउनका लागि उत्तम रहेको थियो। शक्तिस्वरुपा कालिका भगवतीलाई खीर चढाएपछि मात्र अन्य पाहुना र भक्तजनलाई प्रसादका रूपमा खीर खुवाउने गरिएको समितिका उपाध्यक्ष निशान खड्काले बताउनुभयो।

पूर्वजहरूका पालादेखि नै मन्दिरमा खीर चढाउने चलन सुरु भएको उहाँको भनाइ छ। पहिलेपहिले कालिका भगवती देवीलाई खीर चढाएपछि मात्र बल्ल घरघरमा खीर पकाएर खाने चलन थियो। मन्दिर परिसरमा रहेको सालको पातबाट बनेका नयाँ टपरी र दुनामा राखेर विधिपूर्वक पूजाआजा गरेपछि बल्ल देवीलाई खीर चढाउने गरिन्छ। यस मन्दिरमा वर्षको अरु कुनै पनि दिनमा खीर चढ्दैन।

नवदुर्गा, महालक्ष्मी, महाकाली, महासरस्वती, चण्डिका र गणेशलाई चढाएपछि मन्दिरमा आएका भक्तजनालाई प्रसादीका रूपमा खीर खुवाउने गरिन्छ। पछिल्लो समय सरकारी तथा गैरसरकारी क्षेत्रका विशिष्ट पाहुनालाईसमेत बोलाएर खीर खुवाउने गरिएको उपाध्यक्ष खड्काले बताउनुभयो। कालिका देवीलाई खीर खुवाउने चलन यस क्षेत्रकै मौलिक संस्कृतिका रूपमा जीवित रहेको उहाँको भनाइ छ। विसं १५९१ मा मन्दिर स्थापना भएदेखि नै साउन महिनामा देवीलाई खीर चढाएर मात्र घरघरमा खीर फुक्ने गरेको यहाँका पाकापुराना बताउँछन्। सोही परम्परालाई पछिल्लो पुस्ताले पनि धान्दै आएको हो। पहिले घरघरबाट दूध ल्याएर मन्दिर परिसरमै खीर पकाउने चलन रहेपनि अहिले भैँसी पाल्ने चलन हटेपछि बजारबाट दूध किन्ने गरिएको छ। दूधलगायत सबै सरसामानको जोहो गरेर समितिले नै खिर खुवाउने कार्यक्रमको प्रबन्ध गर्ने गर्छ। झण्डै पाँच सय वर्षअघि स्थापना भएको कालिका भगवती मन्दिर देशमै प्रख्यात शक्तिपीठमा गनिन्छ। तत्कालीन पर्वते राजा प्रतापीनारायण मल्लले पाल्पाका राजा मणिमुकुन्द सेनकी छोरी विश्ववादेवीसँग विवाह गर्दा देवीलाई दाइजो स्वरुप ल्याएको इतिहासमा उल्लेख छ। देवीको मूर्तिसहितको डोली अरु कसैले उचाल्न नसकेपछि बागलुङबाट शिकारीको भेषमा गएका चक्र पूँवार खड्काले खड्ग समातेको र यहीँबाट गएका लमगाउँका मगरले डोली बोकेर ल्याएको बताइन्छ। डोली ल्याउने क्रममा बागलुङ नगरपालिका-१ स्थित जङ्गलमा बिसाइएको र पुनः डोली उठाउन खोज्दा नसकेपछि त्यहीँ देवीलाई प्रतिस्थापन गरिएको किम्बदन्ती छ। कालिका देवीको पूजाआजा र भाकल गर्नाले मनोकाङ्क्षा पूरा हुने जनविश्वास छ।

# बजाज स्पोर्टस् अवार्ड पहिलो पटक पोखरामा हुने

पोखरापत्र संवाददाता
पोखरा, १५ साउन

नेपाल खेलकुद पत्रकार मञ्च (एनएसजेएफ) ले आयोजना गर्ने प्रतिष्ठित बजाज पल्सर स्पोर्टस् अवार्ड पहिलो पटक राजधानी बाहिर पोखरामा हुने भएको छ।

एनएसजेएफले २०६० सालदेखि निरन्तर गर्दै आएको अवार्डको २२ औं संस्करण आगामी भदौ २९ गते पोखरा इभेन्ट सेन्टरमा हुने भएको भएको बुधबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराइएको हो।

यस अवार्डलाई सफल पार्न पोखरा महानगरपालिकाले २० लाख रुपैयाँ सहयोग गर्ने भएको छ। बुधबार मेयर धनराज आचार्य र मञ्चका अध्यक्ष निरञ्जन अधिकारी बीच सम्झौता पत्रमा हस्ताक्षर भएको हो। अध्यक्ष अधिकारीका अनुसार पोखरा भ्रमण वर्ष २०२५ लाई मध्यनजर गर्दै अवार्ड पोखरामा गर्दा विश्वका ३४ भन्दा बढी मुलुकमा पोखराको प्रचार-प्रसार हुने छ। पत्रकार सम्मेलनमा अध्यक्ष अधिकारीले स्पोर्टस् अवार्डलाई काठमाडौं बाहिर लैजाने सोच केही वर्षअघि देखि रहेको बताउँदै, "पोखराले भ्रमण वर्ष मनाइरहेको र महानगरको हार्दिकताले यसपालि पल्सर स्पोर्टस् पोखरामा गर्ने निर्णय गरेका हौं,"उहाँले भन्नुभयो। उक्त अवार्डको प्रबर्द्धकको रुपमा पोखरा महानगर हुने भएको छ।

पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले पोखरालाई खेलकुदको उर्वर भूमि भन्दै अवार्डको सफल आयोजनाका लागि आवश्यक सबै सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो। उक्त अवार्डले पोखराको खेल पर्यटन प्रबर्द्धन हुने विश्वास व्यक्त गर्दै मेयर आचार्यले पछिल्लो समयमा खेलेर बाच्न सकिन्छ भन्ने उदाहरण केही खेलाडीहरुले देखाएको जनाउनु भयो। उक्त अवार्डलाई सफल पार्न सिंगो पोखेरेलीले साथ दिने मेयर आचार्यले बताउनु भयो।

अवार्ड अन्तरगत १० विधामा खेलाडी तथा खेलकर्मीलाई सम्मान गरिनेछ। उत्कृष्ट खेलाडी (पुरुष, महिला, युवा), उत्कृष्ट प्रशिक्षक, पिपल्स च्वाइस अवार्ड, पारा एथलिट सम्मान, स्पेसल अवार्ड, लाइफटाइम एचिभमेन्ट अवार्ड, एसियन स्पोर्ट्स जर्नालिस्ट र टिम अफ दी इयर विधामा विजेता घोषित हुने भएका छन्।

पुरुष, महिला, युवा, प्रशिक्षक र पिपल्स च्वाइस विधाका विजेतालाई पल्सर मोटरसाइकल प्रदान गरिनेछ भने अन्य विधाका विजेता तथा सम्मानित व्यक्तिलाई जनही एक लाख रुपैयाँ दिइनेछ। पिपल्स च्वाइस र अन्य मनोनयन केही दिनमै सार्वजनिक गरिने आयोजकले जनाएको छ। यसपालीको अवार्डमा पोखरा क्षेत्रमा केही प्रभाव पार्ने गरी केही अवार्ड वितरण हुने निवर्तमान अध्यक्ष देवेन्द्र सुवेदीले बताउनु भयो। मञ्च गण्डकीका अध्यक्ष एम्बी आस्थाले उक्त अवार्डलाई सफल पार्न आग्रह गर्नुभयो।

**रक्तदान जीवनदान**
**जीवनदान महादान**

# भौतिक मन्त्रालयको प्रगति ७९ प्रतिशत

पोखरापत्र संवाददाता
पोखरा, १५ साउन

गण्डकी प्रदेश सरकारको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था कार्यालयले गएको वर्ष चार वर्ष यताकै उच्च प्रगति हाँसिल गरेको छ। आर्थिक वर्ष २०८१/८२ मा ८० प्रतिशत प्रगति गर्ने लक्ष्य लिइएकोमा ७९.५ प्रतिशत भौतिक प्रगति भएको हो। मन्त्रालयको वित्तीय प्रगति ७६.५२ प्रतिशत छ।

बिहीबार पोखरामा भएको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयको मन्त्रालय स्तरीय विकास समस्या समाधान समितिको बैठक तथा वार्षिक प्रगति समीक्षामा यस्तो जानकारी दिइएको हो। भौतिक मन्त्री प्रकाशबहादुर केसीले गएको वर्ष लक्ष्य नजिक पुगेको जनाउँदै आगामी वर्ष मन्त्रालयको प्रगति अझ बढ्ने उल्लेख गरे।

"यसपालि जुन प्रगति हाँसिल भएको छ, त्यो सन्तोषजनक पक्ष हो। थोरै खर्च हुने प्रवृत्तिलाई निरुत्साहित गर्न यसपालिबाट आर्थिक वर्षको सुरुबाटै स्पष्ट कार्ययोजना बनाउँदै योजनाहरु कार्यान्वयन गर्न आवश्यक छ," उनले भने। गण्डकी प्रदेश सरकारको करिब आधा बजेट भौतिक पूर्वाधार मन्त्रालयमा छ। कार्यक्रममा मन्त्री केसीले नियमित रुपमा कार्यालयहरुको प्रगतिको जानकारी लिई समयमै काम सकन गराउन पटक पटक निर्देशन दिने गरेका छन्। पहिलो चौमासिकमै २० लाखभन्दा माथिका योजनालाई ठेक्का प्रक्रियामा लैजान मन्त्रालयले लिखित निर्देशन दिएको थियो। उनले सालवसाली आयोजनाहरुको कार्यान्वयको तत्काल सुरु गर्न कार्यालय प्रमुखज्यूहरुलाई निर्देशनसमेत दिए।

केसी अघिल्लो वर्षको भदौ १७ गते भौतिक मन्त्री नियुक्त भएका थिए। नियमित रुपमा काम गर्ने व्यवसायीलाई प्रोत्साहित गर्न र सहयोग गरी समयमै गुणस्तरीय कार्य गर्न उनले कार्यालय प्रमुखहरुलाई निर्देशन दिए। कार्यालयहरुमा प्राविधिक कर्मचारीहरुको अभाव रहेकोमा यो वर्ष करारमा भर्ना गर्ने व्यवस्था मिलाइएको उनको भनाइ छ। यातायात व्यवस्था कार्यालय कास्की सवारी चालक अनुमतिपत्रमा मन्त्रालयबाट ७ कर्मचारी काजमा खटाइएको र २२ जनाको अस्थायी दरबन्दी स्वीकृतिका लागि निर्णय भइसकेको उनको भनाइ छ। यही वर्ष सवारी चालक अनुमतिपत्र (लाइसेन्स) को समस्या समधान हुने मन्त्री केसीले विश्वास दिलाए। उनले भने, 'सवारी चालक अनुमतिपत्र छपाई गर्न बजेट विनियोजन भई प्रक्रिया सुरु भइसकेकाले लाईसन्स छपाइको समस्या समेत चाँडै समाधान हुने देखिन्छ।'

राइड सेयरिङसम्बन्धी नियमावली २०८२ तयार भई सकेको जनाउँदे उनले चाँडै त्यो कार्यान्वयनमा जाने प्रष्ट पारे। "यसमा यातायात व्यवसायीका केही असहमति छन्, त्यसलाई समाधान गर्न हामी निरन्तर वार्तामा छौं," उनले भने, 'नियमावली सौहार्दपूर्ण एवं सहज वातावरणमा अविलम्व कार्यान्वयन हुने कुरामा म विश्वस्त छु।'

कार्यक्रममा मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले असारे विकास नभईमात्र भुक्तानीमात्र हुने गरेको बताए। "हामी आफैं क्लियर हुन जरुरी छ, समग्र वर्ष दिनको कामको भुक्तानी हुने हुँदा असारमा बजेट गएकोलाई असारे विकास भन्नु भएन," उनले भने। मुख्यमन्त्री पाण्डेले असार १५ देखि २० गतेभित्र कामको अन्तिम भुक्तानी दिने वातावारण बनाउने गरी काम गर्न निर्देशन दिए। यसपालि बहुवर्षीय योजनामा ७० प्रतिशत पुग्ने गरी रकम छुट्याइएको उल्लेख्य प्रगति हाँसिल हुने उनको भनाइ छ। आर्थिक मामिला मन्त्री डा टकराज गुरूङले आन्तरिक आम्दानी बढाउन राइड सेयारिङ सहयोगी हुने अपेक्षा गरे। भौतिक मन्त्रालयका सचिव कमलकुमार अधिकारीले यो वर्ष यातायात र पूर्वाधार कार्यालय नवलपुरमा निर्माण गरिने बताए। उनले प्रदेश सरकारले हालसम्म बनाएका पुलहरुको विवरण भएको पुस्तिका हालै सार्वजनिक भएको जानकारी दिँदै छिट्टै सडकमा भएका कामहरुको प्रगति पुस्तिका सार्वजनिक हुने जानकारीसमेत दिए।

कार्यक्रममा मन्त्रालय अन्तर्गतका पूर्वाधार विकास निर्देशनालय, पूर्वाधार कार्यालय, यातायात कार्यालय, सहरी विकास तथा भवन कार्यालयका प्रमुखहरु सहभागी थिए। उनीहरुले कार्यालयको वार्षिक प्रगति, भोग्नुपरेका समस्या, गर्न सकिने उपलब्धिहरुबारे प्रस्तुति राखेका थिए। समारोहमा २० निर्माण व्यवसायीलाई समय अगावै काम सम्पन्न गरेकोमा सम्मान गरिएको थियो।

# पोखरामा ...

मार्फत हरित रोजगारी सृजना र चक्रीय अर्थतन्त्रको सृजनशील उपयोग आम समुदायका लागि निकै महत्वपूर्ण हुने विश्वास गरिएको छ। हरित अर्थतन्त्रमा योगदान पुर्याउने आरयू उद्यमहरूलाई बढवा दिन दिगो नीतिको सुनिश्चितता सहित महानगरपालिकाले परियोजनाको स्वामित्वमा लिनेछ। परियोजना मार्फत आगामी २ वर्षमा ३ हजार रोजगारी सृजना गर्ने लक्ष्य राखिएको छ। फेस्टिभल उत्सुक विद्यार्थीहरू, उद्देश्यमूलक उत्पादनहरू, दूरदर्शी नीतिनिर्माताहरु र जिज्ञासु नागरिकहरूका लागि यो फेस्टिभल सहकार्य, सृजनशीलता र सकारात्मक कदमको साझा मञ्च बन्नेछ। पर्यटकीय राजधानी पोखरालाई हरित, दिगो र स्मार्ट बनाउने यात्रामा हातेमालो गर्न पोखरा महानगरपालिकाले आम पोखरेलीहरूलाई सार्वजनिक आह्वान समेत गरेको छ।

**Wanted**

| | |
|---|---|
| F&B Executive | - 1 Person |
| Waitress | - 8 Person |
| Housekeeping | - 6 Person |
| Dishwasher | - 2 Person |
| Store/Purchase | - 2 Person |
| Account | - 1 Person |
| Reception/ Front Desk | - 10 Person (Female) |

Contact:
Maharaja The Royal Casino
Hallan Chowk- 6
Mobile No. 9766480428

# शुक्रबार दोस्रो मालेपाटन खुल्ला लाखेनाच प्रदर्शन तथा सांस्कृतिक कार्यक्रम हुने

पोखरापत्र संवाददाता
पोखरा, १५ साउन

पोखरा महानगरपालिका वडा नं ५, मालेपाटनको खेलमैदानमा शुक्रबार दोस्रो मालेपाटन खुल्ला लाखेनाच प्रदर्शन तथा सांस्कृतिक कार्यक्रम हुने भएको छ।

कार्यक्रममा पोखराका २० वटा लाखेनाच समूहले आकर्षक प्रस्तुति गर्ने तयारी भएको कार्यक्रम संयोजक विनय श्रेष्ठले बताउनु भयो। मालेपाटन खेलमैदानमा हुने कार्यक्रममा १५ हजार भन्दा बढी दर्शक भेला गराउने अपेक्षा गरिएको उहाँले दाबी गर्नुभयो। तायाः मचा नाच समिति, मालेपाटनको आयोजनामा नेवाः मिसाः पुचः इकाई ५, मालेपाटन ल्यांहः पूँचः र मालेपाटन नेवा गुठी सहआयोजकका रूपमा रहेका छन्। कार्यक्रम केवल नाच प्रदर्शन मात्र नभई मौलिक नेपाली संस्कृति, परम्परा र समुदायको ऐतिहासिक सम्पदाको संरक्षण र प्रचार गर्ने उद्देश्यले आयोजना गरिएको संयोजक श्रेष्ठले बताउनु भयो। पोखरालाई सांस्कृतिक आन्दोलनका रूपमा अघि बढाउन यस कार्यक्रम महत्त्वपूर्ण हुने उहाँले विश्वास व्यक्त गर्नुभयो। शताब्दीयौंदेखि प्रचलित लाखेनाचको संरक्षण र प्रवर्द्धन गर्दै मालेपाटनलाई सांस्कृतिक गन्तव्यका रूपमा स्थापित गर्ने लक्ष्यसहित कार्यक्रम गर्न लागिएको संयोजक श्रेष्ठले बताउनु भयो। युवापुस्तालाई मौलिक कला र परम्परातर्फ आकर्षित गर्न यो कार्यक्रम महत्त्वपूर्ण हुने अर्का संयोजक बसन्त प्रसाद श्रेष्ठले बताउनु भयो। आजका युवाहरू परम्परा र संस्कृतिबाट टाढिँदै गएका कारण यस कार्यक्रम मार्फत उनीहरूलाई आफ्नै जरा, पहिचान र सामुदायिक चेतनासँग पुनः जोड्ने प्रयास गरिएको उहाँले जनाउनु भयो। कार्यक्रममार्फत नेतृत्व विकास, स्थानीय उत्पादनको प्रवर्द्धन र नयाँ कलाकारहरूको उत्प्रेरणासमेत गरिने अपेक्षा गरिएको छ। साथै, कार्यक्रममा नेवारी खानाका स्टल, हस्तकला प्रदर्शनी र परम्परागत पोशाकमा सहभागी हुने अवसर समेत उपलब्ध हुनेछ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

तिमी समस्यावाट भाग्न सक्दैनौ किनाकि त्यसवाट भागेर जाने कुनै ठाउा छैा।
- अंकल रेमस

## सम्पादकीय

# विधान महाधिवेशनको चटारोमा एमाले

नेकपा एमालेले भदौ २०-२२ गते दोस्रो विधान महाधिवेशन गर्दैछ।एमालेले नेतृत्व बाहेक पार्टीको विधि र नीति तय गर्न विधान महाधिवेशन गर्न लागेको छ। नेकपा एमाले विभाजन लगत्तै पहिलोपटक विधान महाधिवेशन गरेर विभाजनको असर कम गर्ने गरेको थियो । दोस्रो विधान महाधिवेशनमा पुर्व राष्ट्रपति विद्या देवी भण्डारी एमालेमा सकृय हुने घोषणापछि बढी चर्चा पाएको छ । सामाजिक संजाल र संचार माध्यममा बढी चर्चा पाएको एमालेको विधान महाधिवेशन अन्य बामदललाई बढी चासो बढेको छ। बाहिरी चर्चा भएपनि आन्तरिक तयारी बल्ल शुरु भएको छ।

महाधिवेशनका लागि विधान संशोधन प्रस्ताव र राजनीतिक सांगठानिक प्रतिवेदन तयार पारिनेछ, जसमा विभिन्न धाराहरूमा परिवर्तन हुनेछ । महाधिवेशनमा प्रतिनिधिहरूको संख्या यकिन गर्न संगठन विभागलाई जिम्मेवारी दिइएको छ, जसमा साउन अन्तिमसम्म विवरण तयार हुनेछ। 'महाधिवेशनलाई भव्य र सभ्य बनाउन जिम्मेवारी बाँडफाँट गरिएको छायो बिचमा विधान संशोधन प्रस्तावमाथि सुझाव सङ्कलन गर्नेदेखि आएका सुझावहरूलाई प्रस्तावमा समेट्नेसम्म काम गर्छ ।' महाधिवेशनले पार्टीको आगामी विधि र नीति तय गर्ने भएकाले एमाले नेता-कार्यकर्ताहरूले विधान महाधिवेशनलाई महत्त्वका साथ हेरेका छन् । अब तय हुने विधि र नीतिका आधारमा आगामी नेतृत्व समेत चयन हुने हुँदा एमाले पङ्क्तिले विधान महाधिवेशनलाई चासोका साथ हेरेको छ। 'विधान महाधिवेशन भनिए पनि यो नीति महाधिवेशन हो। कस्तो नीति बन्छ भन्ने स्वाभाविक चासो हुन्छ' । त्यसबाहेक नेताहरूले राजनीतिक सांगठानिक प्रतिवेदन तयार गर्नेछ। प्रतिनिधिहरूको संख्या यकिन गर्न संगठन विभागलाई जिम्मेवारी तोकिसकेको छ।

सचिवालय, पोलिटब्यूरो हुँदै केन्द्रीय कमिटी बैठकमार्फत विधान संशोधन प्रस्तावसहित राजनीतिक सांगठानिक प्रतिवेदन अघि बढाएको एमालेले भदौ १० भित्र विधान मस्यौदा प्रतिवेदनमाथि लिखित सुझाव पठाउन पार्टी कमिटीलाई निर्देशन दिइसकेको छ । एमालेले विधान महाधिवेशनअघि खासगरी विधान संशोधन प्रस्तावसहित राजनीतिक सांगठानिक प्रस्ताव तयार गर्ने र अन्य व्यवस्थापकीय कामलाई जोड दिने जनाएको छ। विधान संशोधन प्रस्ताव उपाध्यक्ष विष्णु पौडेल तथा राजनीतिक सांगठानिक प्रस्ताव अध्यक्ष केपी शर्मा ओली र महासचिव शंकर पोखरेलले तयार पार्ने छन् । त्यस्तै महासचिव शंकर पोखरेल नेतृत्वको एमाले केन्द्रीय कार्यालय बैठकले विभिन्न नेतालाई महाधिवेशन व्यवस्थापनको जिम्मेवारी तोकेको छ। एमाले केन्द्रीय कार्यालय अन्तर्गत ३ उपमहासचिव र ७ सचिव छन्। महाधिवेशन प्रतिनिधिको संख्या यकिन गर्न संगठन विभागलाई जिम्मा दिएको एमालेले जनाएको छ। संगठन विभागको नेतृत्व नेता काशीनाथ अधिकारीले गर्छन् । १० औं राष्ट्रिय महाधिवेशनका प्रतिनिधिमध्ये कतिको मृत्यु भयो र कतिले पार्टी छोडे भन्ने विषय यकिन गर्न संगठन विभागलाई जिम्मा दिइएको छ ।साउन अन्तिमसम्म प्रतिनिधिको यकिन विवरण तयार गर्नेछ।

बैठकले यातायात तथा मञ्च व्यवस्थापन गर्न केन्द्रीय सदस्य विनोद श्रेष्ठलाई जिम्मा दिएको छ । महाधिवेशनको प्रचार गर्न प्रचार तथा प्रकाशन विभागका प्रमुख राजेन्द्र गौतमले जिम्मेवारी पाएका छन् भने स्वागत नृत्यसहित विविध सांस्कृतिक कार्यक्रमका लागि केन्द्रीय सदस्य हेमराज राई प्रमुख तोकिएका छन् । महाधिवेशनका प्रतिनिधिले आवासको व्यवस्थ आफैँ गर्नुपर्ने छ। आवासको व्यवस्थापन गर्न नसक्ने प्रतिनिधिका हकमा सम्बन्धित जिल्ला वा प्रदेशका सम्पर्क समन्वय कमिटीले व्यवस्थापन गर्नुपर्ने छ। यसका लागि सो विभागका इन्चार्ज लालबाबु पण्डितलाई जिम्मेवारी तोकिएको। ललितपुरको गोदावरीस्थित सनराइज हलमा हुने छा एमालेले पहिलो विधान महाधिवेशन २०७८ साल असोजमा सम्पन्न गरेको थियो।

एमालेले विधान संशोधनका लागि प्रस्तावित मस्यौदा मातहतका कमिटीमा पठाइसकेको छ । यसक्रममा एमालेले मौजुदा विधानको प्रस्तावनादेखि नै संशोधन प्रस्ताव अघि बढाएको छ। प्रस्तावनाको चौथो अनुच्छेदमा 'समाजवादको आधार निर्माण गर्न र' भन्ने वाक्यांशपछि 'नेपाली विशेषतासहितको समाजवाद स्थापना गर्न प्रतिबद्ध छ' भन्ने वाक्यांश थप्न प्रस्ताव गरेको छ। 'समृद्ध नेपाल, सुखी नेपाली' राष्ट्रिय आकाङ्क्षा मात्र नभएर, सचेत र संगठित प्रयासबाट हासिल हुने राष्ट्रिय गन्तव्य भएकाले प्रस्तावनाको सातौं अनुच्छेदमा उल्लिखित 'समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा' भन्ने वाक्यांशपछि 'एवम् राष्ट्रिय गन्तव्य' भन्ने वाक्यांश थप्ने प्रस्ताव गरेको छ। त्यस्तै एमालेले विधानको धारा ६८ मा रहेको पदपूर्ति सम्बन्धी व्यवस्थालाई संशोधन गर्दै वरिष्ठ उपाध्यक्ष पद हटाएर 'पहिलो वरीयताको उपाध्यक्ष' राख्ने प्रस्ताव गरेको छ। हाल एमालेमा वरिष्ठ उपाध्यक्षको हैसियतमा ईश्वर पोखरेल छन् भने अन्य ६ जना उपाध्यक्ष छन्।

# विद्यालयको खाजामा कोदोको परिकार

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १५ साउन

स्याङ्जाको फेदीखोला गाउँपालिकाले विद्यालय पोषण कार्यक्रममा हप्ताको २ दिन कोदोबाट बनेको परिकार खुवाउन अनिवार्य गरेको छ।

गाउँपालिकाको चमेना गृहमा पनि साताको १ दिन कोदोको परिकार खुवाउनु पर्ने व्यवस्थालाई अनिवार्य गरेको छ। गाउँपालिकाले कोदो उत्पादन, प्रवर्द्धन र उपयोगमा प्राथमिकता दिँदै गाउँपालिकाका विद्यालय, वडा कार्यालय, चमेना गृह, सभा-सेमिनार स्थलहरूमा कोदोबाट बनेका परिकारहरूलाई प्राथमिकता दिई अनिवार्य रूपमा प्रयोग गर्ने निर्णय गरेको छ । चमेना गृहले भने साताको १ दिन कोदोको परिकार खुवाउनु पर्ने भएको छ । बहुउपयोगी, पोषणयुक्त र स्थानीय खाद्यान्न कोदोको प्रवर्द्धन र संरक्षण गर्नुका साथै स्वस्थ्यकर जीवन जिउने उद्देश्यले कोदोको खाजाको व्यवस्था गरेको गाउँपालिकाले जनाएको छ । विद्यालय पोषण कार्यक्रम अन्तर्गत गाउँपालिकाका सबै विद्यालयमा हप्तामा २ दिन कोदोबाट बनेका परिकार (ढिँडो, मःम, तावा रोटी, पुवा, सेलरोटी, कोदोको चिउरा, हलुवा) लगायतका दिवा खाजा उपलब्ध गराउने निर्णय गरेको अध्यक्ष घनश्याम सुवेदीले जानकारी दिए।

साउन १६ गते पर्ने राष्ट्रिय कोदो दिवसदेखि निर्णयलाई कार्यान्वयनमा लगिने अध्यक्ष सुवेदीले बताए। सरकारले प्रथम राष्ट्रिय कोदो दिवस आजकै दिन मनाउने निर्णय गरेको छ। गाउँपालिकाले यसअघि नै कक्षा ६ को स्थानीय पाठ्यक्रममा 'हाम्रो फेदीखोला' अन्तर्गत 'कोदोः बहुपयोगी खाद्यान्न' शीर्षकको पाठ २०७७ सालदेखि समाबेश गरेको छ।

**कोदोको प्रवर्द्धन :**

कोदो उत्पादनमा जोड दिन र प्रवर्द्धन गर्न पालिकाले आज फेदीखोला गाउँपालिका १, रामकोटमा 'कोदो रोपाइँ' आयोजना गरेको छ । रोपाइँमा कोदोबाट निर्मित परिकारको प्रदर्शनी, यसको महत्व र बहुउपयोगका बारेमा जानकारी दिईने उद्देश्य रहेको उपाध्यक्ष देउकुमारी गुरुङले बताइन् । कोदोमा सबै प्रकारका पौष्टिक तत्व पाइने भएकाले पछिल्लो समय कोदोबाट बनेको परिकार खानेको संख्यामा बृद्धि हुँदै गएको छ । फेदीखोलाले कोदोको प्रवर्द्धन मात्र नभई स्थानीयपन, स्वास्थ्य र आत्मनिर्भरताको सन्देश दिने प्रयास गरेको उपाध्यक्ष गुरुङ्ले जानकारी दिईन्।

# विद्यालयको खाजामा कोदोको परिकार

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १५ साउन

स्याङ्जाको फेदीखोला गाउँपालिकाले विद्यालय पोषण कार्यक्रममा हप्ताको २ दिन कोदोबाट बनेको परिकार खुवाउन अनिवार्य गरेको छ । गाउँपालिकाको चमेना गृहमा पनि साताको १ दिन कोदोको परिकार खुवाउनुपर्ने व्यवस्थालाई अनिवार्य गरेको छ।

गाउँपालिकाले कोदो उत्पादन, प्रवर्द्धन र उपयोगमा प्राथमिकता दिँदै गाउँपालिकाका विद्यालय, वडा कार्यालय, चमेना गृह, सभा-सेमिनार स्थलहरूमा कोदोबाट बनेका परिकारहरूलाई प्राथमिकता दिई अनिवार्य रूपमा प्रयोग गर्ने निर्णय गरेको छ । चमेना गृहले भने साताको १ दिन कोदोको परिकार खुवाउनु पर्ने भएको छ । बहुउपयोगी, पोषणयुक्त र स्थानीय खाद्यान्न कोदोको प्रवर्द्धन र संरक्षण गर्नुका साथै स्वस्थ्यकर जीवन जिउने उद्देश्यले कोदोको खाजाको व्यवस्था गरेको गाउँपालिकाले जनाएको छ । विद्यालय पोषण कार्यक्रम अन्तर्गत गाउँपालिकाका सबै विद्यालयमा हप्तामा २ दिन कोदोबाट बनेका परिकार (ढिँडो, मःम, तावा रोटी, पुवा, सेलरोटी, कोदोको चिउरा, हलुवा) लगायतका दिवा खाजा उपलब्ध गराउने निर्णय गरेको अध्यक्ष घनश्याम सुवेदीले जानकारी दिए।

साउन १६ गते पर्ने राष्ट्रिय कोदो दिवसदेखि निर्णयलाई कार्यान्वयनमा लगिने अध्यक्ष सुवेदीले बताए। सरकारले प्रथम राष्ट्रिय कोदो दिवस आजकै दिन मनाउने निर्णय गरेको छ। गाउँपालिकाले यसअघि नै कक्षा ६ को स्थानीय पाठ्यक्रममा 'हाम्रो फेदीखोला' अन्तर्गत 'कोदोः बहुपयोगी खाद्यान्न' शीर्षकको पाठ २०७७ सालदेखि समाबेश गरेको छ।

**कोदोको प्रवर्द्धन :**

कोदो उत्पादनमा जोड दिन र प्रवर्द्धन गर्न पालिकाले आज फेदीखोला गाउँपालिका १, रामकोटमा 'कोदो रोपाइँ' आयोजना गरेको छ । रोपाइँमा कोदोबाट निर्मित परिकारको प्रदर्शनी, यसको महत्व र बहुउपयोगका बारेमा जानकारी दिईने उद्देश्य रहेको उपाध्यक्ष देउकुमारी गुरुङले बताइन् ।

कोदोमा सबै प्रकारका पौष्टिक तत्व पाइने भएकाले पछिल्लो समय कोदोबाट बनेको परिकार खानेको संख्यामा बृद्धि हुँदै गएको छ । फेदीखोलाले कोदोको प्रवर्द्धन मात्र नभई स्थानीयपन, स्वास्थ्य र आत्मनिर्भरताको सन्देश दिने प्रयास गरेको उपाध्यक्ष गुरुङ्ले जानकारी दिईन्।

# कागतीले बजार नपाउँदा निराश

**पोखरापत्र संवाददाता**
दमौली, १५ साउन



तनहुँको देवघाट गाउँपालिका-२ का कृषक मनिष मल्ल उत्पादित कागतीले बजार नपाउँदा निराश हुनुभएको छ। व्यावसायिक कागतीखेतीमा लाग्नुभएका उहाँ आफ्नो उत्पादनले बजार नपाउँदा समस्या भएको गुनासो गर्नुहुन्छ।

मल्लले २० रोपनी क्षेत्रफलमा कागतीखेती गर्नुभएको छ। कागती उत्पादनको अन्तिम अवस्थामा छ, तर बजार अभाव हुँदा बारीमै रहेको उहाँले बताउनुभयो। मल्लले भन्नुभयो, "बारीसम्म गाडी पुग्ने बाटो छैन। मान्छेले बोकेर गाडीसम्म लैजाँदा लागत मूल्य धेरै पर्न जान्छ । त्यसमाथि कागतीको उचित मूल्य नपाउँदा समस्या छ।"

स्थानीयस्तरमा बजार नपाएपछि काठमाडौंस्थित कालीमाटी तरकारी बजारमा पुगेर बिक्रीका लागि व्यापारीसँग अनुरोध गरेको उहाँले सुनाउनुभयो। गत वर्ष चितवन, तनहुँको दमौली र पोखरामा कागती बिक्री भए पनि यस वर्ष बजार नपाएपछि काठमाडौं पुग्नुपरेको उहाँको भनाइ छ। "उत्पादित कागती काठमाडौंसम्म लैजाँदा लागत धेरै पर्ने र उत्पादन लागत पनि पाउन गाह्रो छ, तर बारीमै कुहिनुभन्दा काठमाडौंमा बिक्री गर्न सके केही न केही सहयोग हुने आशा गरेको छु। ३० केजीभन्दा माथि खरिद गर्ने कृषकलाई बारीमै आएर छानीछानी कागती टिप्न दिने भनेको छु", मल्लले भन्नुभयो,"गाउँपालिकाले नै कागतीको बजार खोजिदिएको भए हामीजस्ता कृषकले चिन्ता गर्नुपर्थेन । स्थानीय कृषकलाई प्रोत्साहन गर्ने दायित्व स्थानीय तहको पनि हो नि, तर सहयोग पाएका छैनौं।" एकातिर उत्पादनले बजार पाएको छैन, अर्कातिर गत जेठ १ र २ गते आएको हावाहुरीले कागतीखेतीमा क्षति पुगेको छ। यसले देशमै केही गरौं भन्ने सोच लिएर सात वर्षअगाडि देखि कागतीखेतीमा लागेका मल्ल थप निराश बन्नुभएको छ । उहाँले ५०० भन्दा बढी बोट कागती लगाउनुभएको छ। हावाहुरीले ५० बोटमा क्षति पुगेको थियो । वर्षौं मिहिनेत गरेर हुर्काएको कागती प्रत्येक वर्ष आउने हावापानीले क्षति पुऱ्याए पनि कतैबाट राहतसमेत नपाइएको मल्लको दुःखेसो छ।

# खीर खाएर मनाइयो साउन १५

**पोखरापत्र संवाददाता**
म्याग्दी, १५ साउन

सांस्कृतिक रुपमा मनाइँदै आएको साउन १५ गते आज नेपाली समाजमा खीर खाएर मनाइएको छ।

साउन १५ गते खीर खाने प्राचीनकालदेखिको नेपाली परम्परा छ । दूधमा मरमसलालगायत चिजबिज हालेर बनाइने खीरले स्वास्थ्यलाई राम्रो गर्ने भएकाले यसको परम्परा बसेको विश्वास गरिन्छ । घर, कार्यालय एवं साथीभाइ जम्मा भएर खीर खाने चलन बढ्न थालेको छ। खीरको संस्कृति प्रवर्द्धन गर्न कार्यक्रम समेत आयोजना गर्ने गरिएको छ।

संस्कृत भाषामा पायस भनिने खीर सात्विक आहारमध्येमा उत्तम मानिने भएकाले पितृ एवं देव कार्यमा पनि महत्वपूर्ण वस्तु मानिएको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक समितिका पूर्वअध्यक्ष प्रा डा रामचन्द्र गौतम बताउनुहुन्छ । साउन महिनामा गाउँघरमा खेतीपातीको काम सकिन्छ । हरियाली बढी हुने भएकाले घाँस बढी पाइन्छ । घाँस पाइने बेलामा गाई, भैँसीले दूध पनि धेरै दिन्छन् । दूध धेरै भएपछि इष्टमित्र, चेलबेटीलाई खीर खुवाउने चलन चलेको हो। साउन भगवान् शिवको महिना हो । शिवलाई दूध र दूधमा बनेका परिकार मनपर्ने भएकाले खीरलगायत मिठाइ विधिपूर्वक चढाइन्छ । यसैले गर्दा साउनको मध्य पारेर खीर खाने चलन चलेको हुनसक्ने धर्मशास्त्रविद् गौतम बताउनुहुन्छ । तर यसको कुनै शास्त्रीय वचन भने छैन।

ऋषिमुनिका पालादेखि नै श्राद्धलगायत पितृ कार्यमा निमन्त्रणा गरिएका ब्राह्मणलाई पायस अर्थात् खीर खुवाउने गरिएको थियो । अहिले पनि वैदिक सनातन धर्मावलम्बीले श्राद्धका दिन अनिवार्य रुपमा गाईको दूधमा पायस अर्थात् खीर बनाउँछन् । चामल, साबधाना, सेवइ, मकै, गाजरलगायतको खीर बनाउने गरिन्छ । साबधानालाई फलफूलकै वर्गमा राखिन्छ। यसैगरी साउन महिनामा हरियो मकै धेरै पाइने भएकाले मकैको खीरसमेत बनाएर खाने चलन छ। खीर खाँदा देवतालाई चढाएर खानुपर्छ भन्ने धार्मिक विश्वास रहिआएको छ।

नेपाली बृहत् शब्दकोशले 'दूधमा पकाइएको भात, दूधमा चामल, चिनी, मसला आदि हाली पकाइएको स्वादिष्ट खाद्य पदार्थ, पायस, तस्मै' भनी खीरलाई परिभाषित गरिएको छ। नेपाली समाजमा असार १५ गते दही, च्यूरा, साउन १५ गते खीर, भदौ १५ गते पोलेको मकै, पुस १५ गते घिउखट्टे, माघ १५ गते मालपुवालगायत चिजबिज बनाएर इष्टमित्र एवं छोरी चेलीलाई बोलाएर खुवाउने र आफू पनि खाने लौकिक चलन रहिआएको छ।

राष्ट्रिय दुग्ध विकास बोर्डले साउन १५ गतेलाई खीर खाने दिन अर्थात् खीर दिवसका रुपमा मनाउने निर्णय गरेको छ । नेपालको खाद्य नियमावलीअनुसार मानक प्रशोधित दूधमा हुने तीन प्रतिशत चिल्लो, ४ दशमलव ७ प्रतिशत ल्याक्टोज र ३ दशमलव ५ प्रतिशत प्रोटिनको गणना गर्दा प्रति १०० ग्राम प्रशोधित दूधबाट ६० प्रतिशत क्यालोरी शक्ति प्राप्त हुने बोर्डले जनाएको छ। यसैले खीरलाई राम्रो खाद्यपदार्थ मानिन्छ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्यमा सुधार | तुला | : शारीरिक झमेला |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : मानसिक तनाव |
| मिथुन | : कार्यमा सफलता | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : शत्रुको भय |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : झमेला बढ्ने |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : शुभ यात्रा |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

**Galkot Municipality**
**Office of Municipal Executive**
**Galkot Municipal Hospital**
**Harichaur, Baglung**
**Gandaki Province, Nepal**

## Invitation for Bids (IFB)

(first date of publication - 2082/04/16 (01 Aug, 2025 A.D.)

Galkot Municipal Hospital invites Electronic bids from all Nepalese eligible bidders for the following contract under National Competitive Bidding procedures. Bids shall be submitted online within 12:00 hours NST of 15 Bhadra, 2082 (31 Aug. 2025)using the online portal of http://www.bolpatra.gov.np/egp

| S. N. | Name of contract | Contract ID | Price of Bid Document (NRs.) | Bid Security amount required (NRs.) | Estimated amount (NRs.) |
|---|---|---|---|---|---|
| 1 | Supply and delivery of Medicine (Drugs) | GMH/NCB/G/01/2082-083 | 3000/- | 400000/- | 15144498.78 |
| 2 | Supply and delivery of Lab reagent and accessories | GMH/NCB/G/02/2082-083 | 3000/- | 300000/- | 10932615.53 |

Chief
Galkot Municipal Hospital

# ‘पर्यटक बढेपछि गोठमै आम्दानी’

**रासस**
बागलुङ, १५ साउन



बागलुङको पर्यटकीय गन्तव्य ढोरपाटनमा पर्यटक बढेपछि गोठालाको आयआर्जनमा वृद्धि भएको छ । ढोरपाटन पुगेका केही पर्यटकहरू पदमार्गमार्फत बुकीपाटन पुग्ने गरेका छन् । बुकी पुग्ने पर्यटकका लागि खान-बस्नमा सघाउँदै आएका गोठालको आम्दानी बढ्न थालेको हो ।

पदमार्ग आसपास र बुकीपानमा चिया-नास्ताका लागि स्थानीय उत्पादन खपत हुने गरेको छ । पाटन पुगेका पर्यटक गोठमै बस्ने र खाने गर्दा भैंसीको दूध, घ्यू तथा भेडाको मासु खपत हुन थालेको र यसले आयआर्जनमा वृद्धि भएको गोठालाहरू बताउँछन् । पर्यटकलाई भैंसीको दूधसँगै खीर, चिया, मोही तथा दही खुवाएर आम्दानी गर्न थालिएको गोठालाहरूको भनाइ छ । बुकीपाटनका भैंसी गोठाला ७२ वर्षीय देवबहादुर विकले चरिचरनका रूपमा रहेको बुकीपाटन पर्यटकीय गन्तव्य बनेपछि गोठमै पैसा आउन थालेको बताउनुभयो । “पहिला त ढोरपाटन ल्याएर घ्यू बिक्री गरिन्थ्यो, मही फालिन्थ्यो । हाल बर्खामा पनि पर्यटक भरिभराउ छन, मोहीसमेत बिक्री हुन्छ”, उहाँले भन्नुभयो, “पर्यटक बढेपछि यही गोठमा समेत बस्न आउँछन्, भैंसीको दूधको खीर पकाएर खुवाउँछु । गोठमै दूध, मोही बिक्री भएपछि बोकेर ढोरपाटन जानै पर्दैन ।” बुकीपाटन उक्लनले बीच बाटोको चेप्टेढुङ्गामा गोठबाटै चिया बिक्री गरेर गुमानसिंह कुमाईले पनि राम्रो आम्दानी गरिरहनुभएको छ । बुकी उक्लनेलाई प्रतिगिलास रु १०० मा चिया बिक्री गर्दै आएको उहाँको भनाइ छ । दूधको चिया खपत भएपछि घ्यू र दही बनाउने झन्झट नभएको कुमाईले बताउनुभयो । उहाँको गोठमा एकै दिन एक सय गिलाससम्म चिया खपत हुने गर्छ । तीनवटा भैंसी र ६० वटा बाख्रा पाल्दै आएका कुमाईको घुम्ती गोठ पदयात्रा गर्ने छेउमै भएकाले असारयता दूध र चिया निकै खपत भएको हो । “बुकीमा चरेका भैंसीको दूधको चिया पदयात्रीले निकै मीठो मानेर खाने गरेका छन्, दूधबाट चिया बनाउन थालेपछि यो ‘सिजन’मा घ्यू बनाउन आवश्यक छैन”, उहाँले भन्नुभयो, “पर्यटकका कारण गोठमै पैसा आएको छ, पहिला-पहिला खेर जाने मोही पनि हाल महङ्गो मूल्यमा बिक्री हुन्छ ।” ढोरपाटनमा एक वर्षमै आठ हजारले पर्यटक वृद्धि भएपछि यसपटक बुकीपाटन गुल्जार बनेको छ । प्रचारप्रसार, पर्यटकीय पूर्वाधार, बुकी र जलजलामा पदयात्रा गर्ने पर्यटकका कारण पर्यटकको सङ्ख्या बर्सेनि बढ्दै गएपछि घोडा सफारी, घरबास र गोठमा बस्ने पर्यटकका कारण आयआर्जनमा सघाउ पुगेको हो ।

ढोरपाटन सिकार आरक्षमा पहिले सिकार खेल्न विदेशी पर्यटक मात्र आउने गरेकामा पछिल्लो समय आरक्ष क्षेत्र, ढोरपाटन उपत्यका, निशेलढोर, ढोरबराह मन्दिर, बुकी पाटन र जलजलालगायत क्षेत्रको अवलोकनका लागि आन्तरिक पर्यटक पनि यहाँ आउने गरेका छन् । समुन्द्री सतहदेखि दुई हजार ९०० मिटरको उपत्यकादेखि चार हजारभन्दा माथिको बुकीपाटनसम्म पर्यटक पुग्ने थालेका छन् ।

# म्याग्दीका तीस ग्रामीण सडकको स्तरोन्नति

**पोखरापत्र संवाददाता**
म्याग्दी, १५ साउन

जिल्ला पूर्वाधार विकास कार्यालयले आर्थिक वर्ष २०८१/०८२ मा ३० वटा ग्रामीण सडक स्तरोन्नति गरेको छ ।

कार्यालय प्रमुख विष्णु पौडेलका अनुसार रु नौ करोड ५० लाख बजेट विनियोजन भएका ३७ वटा सालबसाली योजनामध्ये २९ वटा ठेक्का प्रक्रिया र उपभोक्ता समितिबाट तीन वटा योजना कार्यान्वयन भएका छन् । ती योजना कार्यान्वनयका लागि निर्माण व्यवसायी र उपभोक्ता समितिहरूसँग रु पाँच करोड ९० लाख ८१ हजारमा सम्झौता भएको थियो । ग्रामीण सडक फराकिलो पार्ने, ग्रेड तथा घुम्ती सुधार गर्ने, पानीको निकासका निम्ति नाली तथा ‘रिटेनिङ’ पर्खाल निर्माण, कालोपत्र, ढलान गर्न तथा मोटरेबल र झोलुङ्गे पुल निर्माणसम्बन्धी सालबसाली ३७ सहित ७१ वटा योजनाका लागि पुँजीगततर्फ रु ५९ करोड ३१ बजेट विनियोजन भएको थियो । गत वर्ष चार दशमलव ९० किलोमिटर कालोपत्र र ढलान, चार दशमलव १४ किलोमिटर ग्राभेल, तीन दशमलव ३० किलोमिटर नयाँ कच्ची सडक निर्माण, ३१ दशमलव ६० किलोमिटर सडक फराकिलो बनाउने, १० दशमलव ७२ किलोमिटर नाली र ३१ हजार २९ घनमिटर टेवा पर्खाल निर्माण भएको कार्यालय प्रमुख पौडेलले बताउनुभयो । यसैगरी २९ वटा कल्भर्ट कजवे, १२ दशमलव ५० किलोमिटर सडक मर्मत, एक वटा झोलुङ्गे, दुई वटा मोटरेबल पुल र एक वटा भवन निर्माणसम्बन्धी योजना सम्पन्न भएका छन् । गत आवमा रु ६४ करोड एक लाख ४३ हजार विनियोजन भएकोमा रु ४७ करोड १४ लाख ९१ हजार खर्च भएको छ ।

# कृषि उपज बजार पुऱ्याउन एम्बुलेन्स

**पोखरापत्र संवाददाता**
बागलुङ, १५ साउन

कृषि उपज बजार पुऱ्याउन जैमिनी नगरपालिकाले कृषि एम्बुलेन्स खरिद गरेको छ । साथै पालिकाले आगामी भदौदेखि त्यसलाई सञ्चालन गर्ने तयारी थालेको छ ।

सङ्घ सरकारबाट प्राप्त रु २५ लाख र त्यति नै रकम थपेर नगरपालिकाले रु ५० लाखमा एम्बुलेन्स खरिद गरेको नगरपालिकाका उपप्रमुख हरिहर शर्माले बताउनुभयो । नगरपालिका क्षेत्रमा ५०० वटा कृषि फर्म, कृषि सहकारी र कृषक समूह सक्रिय छन्भने चार हजार परिवार कृषि उत्पादनमा जोडिएका छन् । कृषि एम्बुलेन्स उनीहरूका उत्पादन बजार पुऱ्याउन उपयोग गरिने छ ।

नगरपालिकाले युवा र किसानलाई व्यावसायिक कृषिमा आकर्षित गर्न अनुदान, तालिम र प्राविधिक सहयोग गर्दै आएको छ । अब बजारीकरणको जिम्मा पनि नगरपालिकाले लिने उपप्रमुख शर्माले बताउनुभयो। नगरपालिकाले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनासँगको सहकार्यमा कुशिमसेरामा कृषि उपज सङ्कलन केन्द्र स्थापना गरेको छभने उपल्लो दमेक सर्कुवामा चिस्यान केन्द्र निर्माण गरेको छ ।

# चितवनमा स्क्रब टाइफस सङ्क्रमण बढ्दो, एक वर्षमा एक हजार ५५ सङ्क्रमित

**रासस**
चितवन, १५ साउन

चितवनमा गत आर्थिक वर्षमा स्क्रब टाइफस परीक्षण गरिएका बिरामीमध्ये एक हजार ५५ जनामा सङ्क्रमण पुष्टि भएको छ। जिल्ला जनस्वास्थ्य कार्यालय, चितवनले सार्वजनिक गरेको तथ्याङ्कअनुसार सो अवधिमा एक जनाको स्क्रब टाइफसका कारण मृत्यु भएको पुष्टि भएको छ।

सङ्क्रमितमध्ये ३९५ पुरुष र ६६० महिला छन् । भरतपुर महानगरपालिकामा ८० पुरुष र १३४ महिला, खैरहनी नगरपालिकामा २२ पुरुष र ४८ महिला, माडी नगरपालिकामा छ पुरुष र पाँच महिला, रत्ननगरमा ५३ पुरुष र ७७ महिला, राप्तीमा २४ पुरुष र ३३ महिला, कालिका नगरपालिकामा २२ पुरुष र ३१ महिला र इच्छाकामना गाउँपालिकामा १० पुरुष र १४ महिला सङ्क्रमित देखिएका छन् । अन्य जिल्लाबाट आएका बिरामीमध्ये १७८ पुरुष र ३१८ महिला रहेका छन् । गत आर्थिक वर्षमा कूल सात हजार ९५ जनाको स्क्रब टाइफस परीक्षण गरिएको थियो । जनस्वास्थ्य कार्यालय चितवनका भेक्टर कन्ट्रोल निरीक्षक राम केसीले स्क्रब टाइफस नियन्त्रणका लागि जनचेतना फैलाउनुका साथै समयमै उपचार गर्नु आवश्यक रहेको बताउनुभयो । उहाँले सरसफाइमा विशेष ध्यान दिन, झाडी क्षेत्रबाट बच्न र लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गर्न आग्रह गर्नुभयो।

उहाँले यही साउनमा मात्रै ४७८ जनाको परीक्षणमा ३० जनामा सङ्क्रमण पुष्टि भएको बताउनुभयो । तीमध्ये केही जिल्लाभित्र कै र केही अन्य जिल्लाबाट उपचारका लागि आएका बिरामी छन् । खासगरी वर्खाको समयमा यो रोगको सङ्क्रमण बढी हुने उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, “पानी परेपछि मुसाहरू घर, गोठ वा ओवानोमा पस्ने गर्छन् । त्यस क्रममा तिनको शरीरमा रहेका किर्ना खसेर मानिसलाई टोकेमा सङ्क्रमण हुने सम्भावना हुन्छ ।” उहाँले अघिल्लो आर्थिक वर्षमा जिल्लाका विभिन्न अस्पतालमा उपचार गरिएका तीन हजार आठ सय जनाको परीक्षणमा पाँच सय ५२ जनामा स्क्रब टाइफस सङ्क्रमण देखिएको जानकारी दिनुभयो । चितवनमा स्क्रब टाइफसको पहिलो रिपोर्टिङ विसं २०७२ मा भएको थियो।

भेक्टर कन्ट्रोल निरीक्षक केसीका अनुसार परीक्षणको दायरा विस्तार हुँदै जाँदा सङ्क्रमितको सङ्ख्या बढ्दै गएको छ। आर्थिक वर्ष २०७६/७७ मा एक हजार पाँच सय १६ जनाको परीक्षण गर्दा एक सय २७ जनामा स्क्रब टाइफस सङ्क्रमण पुष्टि भएको थियो । त्यसैगरी, २०७७/७८ मा दुई हजार दुई सय ९० जनामध्ये तीन सय १८ जना, २०७८/७९ मा तीन हजार दुई सय ८६ परीक्षणमध्ये दुई सय ६८ जना र आर्थिक वर्ष २०७९/८० मा तीह जार चार सय ६१ जनाको परीक्षणमा पाँच सय तीन जनामा सङ्क्रमण देखिएको थियो ।स्क्रब टाइफस एक प्रकारको सरुवा रोग हो जुन मुसामा पाइने माइट (किर्नाजस्तो देखिने कीरो) को टोकाइबाट मानिसमा सर्छ । यो रोग मानिसबाट मानिसमा सर्दैन । केसीका अनुसार स्क्रब टाइफस ओरेन्टिया सुसुगामुशी नामक जीवाणुबाट लाग्ने हो । माइट प्रायः झाडी, खेतबारी, वनजङ्गल, वा घर वरिपरिको फोहर क्षेत्रमा पाइन्छ ।

रोग नियन्त्रणका लागि उहाँले खेतबारी, वनजङ्गल वा घाँस काट्न जाँदा पूरै शरीर ढाक्ने कपडा लगाउन, सकेसम्म जुत्ता प्रयोग गर्न, घाँसबारी वा चउरमा गुन्द्री वा दरी ओछ्याएर मात्र बस्न तथा भुइँमा सुत्न वा बस्न नहुने सुझाव दिनुभयो । मुसा नियन्त्रणका लागि अन्न भण्डारण सही ढङ्गले गर्नुपर्ने उहाँले उल्लेख गर्नुभयो । रोगका लक्षणमा उच्च ज्वरो (१०४ डिग्री फरेनहाइटभन्दा बढी), अत्यधिक पसिना आउने, आँखा रातो हुने, झाडापखाला लाग्ने, शरीरका मुख्य अङ्गहरू प्रभावित हुने, तथा कीराले टोकेको स्थानमा रातो दाग देखिने र पछि कालो दाग बस्न सक्ने रहेका भेक्टर कन्ट्रोल निरीक्षक केसीले जानकारी दिनुभयो ।

# साफ च्यापियनसिप फुटबलको खेल तालिका सार्वजनिक

**रासस**
काठमाडौं, १५ साउन

श्रीलङ्कामा आयोजना हुने यु-१७ साफ च्याम्पियसिप फुटबलमा नेपाल र बङ्गलादेश एकै समूहमा परेका छन् ।

दक्षिण एसियाली फुटबल महासङ्घ (साफ) ले बिहीबार सार्वजनिक गरेको समूह विभाजनमा समूह ‘ए’मा नेपाल बङ्गलादेश र घरेलु टोली श्रीलङ्का रहेका छन् ।

त्यसैगरी, समूह ‘बी’ मा भारत, भुटान, माल्दिभ्स र पाकिस्तान रहेका छन् । साफको खेल तालिकाअनुसार आगामी सेप्टेम्बर १५ तारिखमा नेपालले श्रीलङ्काको सामना गर्दै प्रतियोगिताको उद्घाटन गर्नेछ । त्यसैगरी नेपालले आफ्नो दोस्रो खेल सेप्टेम्बर १८ तारिखमा बङ्गलादेशसँग खेल्नेछ ।

आगामी सेप्टेम्बर १५ देखि २७ तारिखसम्म चल्ने उक्त प्रतियोगितामा समूहका विजेता र उपविजेता टोली सेमिफाइनलमा प्रवेश गर्नेछन् ।


## गल्याङ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### गल्याङ, स्याङजा
### गण्डकी प्रदेश, नेपाल

## गल्याङ नगरपालिकाको आन्तरिक आय ठेक्का सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२।०४।१६**

गल्याङ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय गल्याङ स्याङ्जाले स्थानीय सरकार संचालन ऐन २०७४, तथा गल्याङ नगरपालिकाको आर्थिक ऐन २०८२ अनुसार गल्याङ नगरपालिका स्याङ्जाको क्षेत्राधिकार भित्र पर्ने देहायका शिर्षकहरुमा आ.ब. ०८२/०८३ का लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले उक्त कर संकलन गर्न ईच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुवाट नविकरण गराइएको ईजाजतपत्र, मु.अ.कर/स्था.ले.नं. आ.ब.०८१/०८२ सम्मको कर चुक्ता प्रमाणपत्र संलग्न राखि यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र रितपूर्वकको सिलवन्दी दरभाउपत्र पेश गर्न आब्हान गरिन्छ ।

**कामको विवरणः-**

| ठेक्का नं. | विवरण | न्युनतम अंक (मू.अ.कर बाहेक) | धरौटी (कबोल अंकको २.५ प्रतिशत) |
|---|---|---|---|
| GM/SYA/NCB/GOODS/01/082/083 | आ.ब.०८२/०८३ को लागि गल्याङ नगरपालिकाको क्षेत्र अधिकार भित्रको प्राकृतिक स्रोतसाधन तथा स्थानीय उत्पादित बस्तुहरु आफ्नो क्षेत्र अधिकार बाहिर लैजादा लाग्ने वातावरण शुल्क उठाउने कार्य । | ५,००,०००।- (पाँच लाख मात्र) | |
| GM/SYA/NCB/GOODS/02/082/083 | आ.ब.०८२/०३ का लागि कवाडीजन्य सामाग्री संकलन तथा निकासी कर । | ३,५०,०००।-(तीन लाख पचास हजार मत्र) | |

## स्याङ्जा चिक्स एण्ड पोल्ट्री प्रा. लि. को प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८२/04/16)**

गण्डकी प्रदेश, स्याङ्जा जिल्ला, पुतलीबजार नगरपालिका, वडा नं. १० (साविक करेनडाँडा, वडा नं-१) मा स्याङ्जा चिक्स एण्ड पोल्ट्री प्रा.लि.द्धारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावको नाम तथा ठेगाना** | **स्याङ्जा चिक्स एण्ड पोल्ट्री प्रा. लि., पुतलीबजार नगरपालिका, वडा नं. १०**<br>**ईमेलः** arjunmarasini7@gmail.com<br>**फोन नं. ९८५६०३५३२०** |
| **प्रस्तावको व्यहोरा** | **वार्षिक २५,००० प्यारेन्ट कुखुरा पालन गर्ने गरी प्यारेन्ट फार्म तथा ह्याचरी निर्माण र सञ्चालन गर्ने** |
| **प्रभाव पर्न सक्ने जिल्ला, नगरपालिका** | **स्याङ्जा जिल्ला, पुतलीबजार नगरपालिका, वडा नं. १०** |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणाली बिच के-कस्ता प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको पुतलीबजार नगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आईपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | **स्याङ्जा चिक्स एण्ड पोल्ट्री प्रा. लि., पुतलीबजार नगरपालिका, वडा नं. १०**<br>**ईमेलः** arjunmarasini&@gmail.com,<br>**फोन नं. ९८५६०३५३२०** |
| **परामर्शदाताको नाम र ठेगाना** | **श्री ग्रिनविच ईन्भाइरोमेन्टल एण्ड इन्जिनियरिङ प्रा. लि., नयाँ बानेश्वर, काठमाडौं**<br>**इमेलः** geec.nepal@gmail.com,<br>**फोन नं. ९८४१५३१५८२** |